# स्थानीय राजपत्र

## सिद्धार्थनगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८) सिद्धार्थनगर रुपन्देही, नेपाल, भाद्र १९, २०८१ साल

## भाग २

**सिद्धार्थनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सिद्धार्थनगर, रुपन्देही, नेपालको**

**सूचना**

नेपालको संविधान बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधी सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्बत २०८१ सालको कार्यबिधी नं. ३(तिन)**

## सिद्धार्थनगर नगरपालिकाको सहकारी सञ्जाल (गठन तथा परिचालन) गर्न बनेको कार्यविधि, २०८१

**प्रस्तावनाः-** सहकारीको स्थापित मूल्य मान्यता र सिद्धान्तका आधारमा दर्ता भई नगरक्षेत्र भित्र रहेका प्रारम्भिक सहकारी संस्थाहरु बीच समन्वय स्थापना गरी सहकारी संस्थाहरुको संस्थागत विकास, प्रवर्द्धन, प्रशिक्षण तथा संरक्षणका साथै सहकारी मार्फत नगरको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय विकासमा टेवा पुर्याउन नगर क्षेत्रभित्र संचालनरत सबै सहकारी संस्थासंगको सहकार्यमा मर्यादित व्यवसायको रुपमा स्थापित गर्दै सहकारी संस्थाहरुलाई एक आपसमा परिआएका समस्याहरुमा समन्वयकारी भूमिका निर्वाह गर्न बान्छनिय भएकोले,

सिद्धार्थनगर नगरपालिकाको सहकारी ऐन, २०७४ (प्रथम संशोधन) को दफा ८४ तथा सहकारी नियमावली, २०७८ को नियम ४८ को उपनियम (२) र (३) कार्यान्वयनका लागि सिद्धार्थनगर नगरपालिकाको सहकारी ऐन, २०७४ (प्रथम संशोधन) को दफा १०१ तथा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> क. यस कार्यविधिको नाम **सहकारी सञ्जाल (गठन तथा परिचालन) कार्यविधि, २०८१** रहेको छ ।

ख. यो कार्यविधि सिद्धार्थनगर नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. ऐन भन्नाले सिद्धार्थनगर नगरपालिकाको सहकारी ऐन, २०७४ लाई जनाउनेछ ।
२. नियमावली भन्नाले सिद्धार्थनगर नगरपालिकाको सहकारी नियमावली, २०७८ लाई जनाउनेछ साथै उक्त शव्दले संघीय सरकार वा प्रदेश सरकारबाट जारी भएको सहकारी नियमावलीलाई समेत जनाउनेछ ।
३. "दर्ता गर्ने अधिकारी" भन्नाले ऐनको दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकृतलाई सम्झनु पर्नेछ ।
४. "प्रारम्भिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भइ सिद्धार्थनगर नगरपालिका भित्र रहेका सबै सहकारी संस्थालाई सम्झनु पर्नेछ ।
५. "विनियम" भन्नाले सहकारी संस्थाको विनियमलाई जनाउनेछ ।
६. "कार्यालय" भन्नाले सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।
७. उपसमिति भन्नाले समितिले कार्यविधि बमोजिम निश्चित कार्य र अवधि तोकि गठन गरेको उपसमिति सम्झनु पर्दछ ।

३. **<u>सहकारी सञ्जाल संगठित संस्था हुनेः</u>**

१. सहकारी सञ्जाल एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ ।

२. सञ्जालको कामकाज प्रमाणित गर्नका लागी संस्थाले आफै छाप तथा लोगो निर्धारण गर्न सक्नेछ ।

३. सञ्जालले व्यक्ति सरह प्रचलित कानुनको अधिनमा रही चल अचल सम्पत्ति प्राप्ति, उपभोग, बेचविखन वा अन्य कुनै प्रकारले बन्दोबस्त गर्न सक्नेछ ।

४. सञ्जालले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

## परिच्छेद २

## उद्देश्य र कार्य

४. **<u>उद्देश्यः</u>** सदस्य संस्थाहरुको हित अभिवृद्धि हुने गरी देहायमा उल्लेखित काम कारवाही गर्नु सहकारी सञ्जालको उद्देश्य हुनेछः

१. नगर क्षेत्र भित्र संचालनमा रहेका सहकारी संस्था र नागरिक बीच सहकारिताको भावना विकास गर्दै सहकारीमा आवद्ध भई संस्थाको उद्देश्य अनुरुपका क्रियाकलापमा सहभागी हुने प्रेरणा दिनु ।

२. नगरपालिका र प्रारम्भिक सहकारी संस्था बीच पारस्परिक सहयोगका लागी समन्वयकारी भूमिका निर्वाह गर्नु ।

३. सहकारीको नियमन, प्रवर्द्धन, तालिम तथा विकासात्मक कार्यमा नगरपालिकालाई सहकारी क्षेत्रको तर्फबाट आवश्यक, सहयोग, समन्वय र सहकार्यमा जोड दिनु ।

४. सहकारी बीच रहेको असल अभ्यासलाई आदान-प्रदान गर्ने वातारवण सृजना गर्नु ।

५. सदस्य संस्था, यसका पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागी आवश्यक तालिम/कार्यक्रम संचालन गर्नु/गराउनु ।

६. सहकारी अभियान, विषयगत संघहरुमा नगरक्षेत्र भित्रका सहकारी संस्थाहरुको तर्फबाट प्रतिनिधित्व गर्नु ।

७. सहकारी सञ्जालको नेतृत्वमा सहकारी संस्थाहरु एकआपसमा मिली अन्तर सहकारी कारोवार सञ्चालन गर्नु ।

८. सहकारी विभागले तोकेको सन्दर्भ व्याजदरको सीमा ननाघ्ने गरी समय समयमा बचत तथा ऋण तर्फको व्याजदरको सीमा निर्धारणमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु ।

९. सहकारीबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने ऋणिको नकारात्मक सूचि तयार गरी नगरपालिका समक्ष पेश गर्नु ।

१०.सहकारी संस्था बीच साख सूचना आदान प्रदान सम्बन्धमा कार्यालयबाट तोकिएका सेवा संचालन गर्नु ।

११.सहकारी संस्थाहरुको संयुक्त लगानीमा सहकारी उद्यम, कृषि उपज संकलन केन्द्र, उपभोक्ता भण्डार, कृषि परियोजना, मुल्य श्रृखला अभिवृद्धि गरी वस्तु तथा सेवाको जस्ता स्थानीय आर्थिक तथा समाजिक विकासमा टेवा दिने व्यवसाय सञ्चालन गर्नु ।

१२.स्थानीय पर्यटन प्रवर्द्धनको लागि पर्यटन सूचना केन्द्र सञ्चालन, पुस्तकालय तथा वाचनालयको सञ्चालन गर्नु ।

१३.सहकारी संस्था संचालनमा देखा परेका नीतिगत, प्रकृयागत कठिनाईहरु, सहकारी बीचका विवादहरु र कमी-कमजोरी निराकरण गर्नको लागी साझा मञ्चको रुपमा कार्य गरी समस्या समाधान गर्न सहयोग तथा समन्वयकारी भूमिका निर्वाह गर्नु/गराउनु ।

१४.संघ, प्रदेश, स्थानीय सरकार, दातृनिकाय, गैरसरकारी संस्था तथा सहकारी संघ/संस्थाबाट नगद तथा वस्तुगत अनुदान/सहयोग प्राप्त गरी सहकारी संस्थाको प्रवर्द्धन र विकासमा परिचालन गर्नु/ गराउनु ।

१५.सदस्य संस्था र यसमा आवद्ध सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको लागी सहकारी मार्फत आवश्यक कार्यक्रम संचालन गर्नु/गराउनु ।

१६.सहकारीमा सुशासन कायम गर्न सहकारीको सिद्धान्त, मूल्य मान्यता र प्रचलित कानुन कार्यान्वयनमा जोड दिनु ।

१७.सहकारी सिद्धान्त, मूल्य मान्यता र प्रचलित कानुनको उलङ्घन गर्ने सहकारी संस्थालाई कानुन बमोजिम दण्ड सजाय गर्न आवश्यक सहयोग पुर्याउनु ।

१८.सहकारीको प्रचलित नियम कानून र सिद्धान्त विपरित संचालन भएका सहकारी संस्थालाई कारवाहीको लागि नियामक निकाय समक्ष सिफारिस गर्नु ।

१९.नियामक निकायले तोके बमोजिमका अन्य कार्यहरु गर्नु/गराउनु ।

५. कार्यहरु:

१. समितिले दफा ६ बमोजिमको उद्देश्य प्राप्तिका लागी निम्न कार्यहरु संचालन गर्नेछ ।

क. नियामक निकाय, सहकारी अभियान/छाता संगठन, गैरसरकारी संस्था तथा दातृ निकायको सहयोगमा सदस्य संस्थाको लागी आवश्यक तालिम, कार्यक्रम संचालन गर्ने/गराउने ।

ख. नगरपालिका र स्थानीय सहकारी बीच समन्वयकर्ता, सम्पर्क विन्दुको रुपमा कार्य गर्ने/गराउने ।

ग. सहकारी संस्थामा आवद्ध सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक विकासका लागी आवश्यक कार्यक्रम संचालन गर्न सदस्य सहकारीलाई उत्प्रेरित गरी सहकारीमा रहेको कोषको उचित परिचालनमा जोड दिने ।

घ. संस्थाहरुको लागत सहभागितामा आवश्यक कार्यक्रम संचालन गर्ने/गराउने ।

ङ. नगरको विकासको लागी सहकारी संस्थाको समन्वयमा कार्यक्रम संचालन गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने/गराउने ।

च. सहकारी बीचको असल अभ्यास आदान प्रदानका लागी आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने ।

छ. सहकारी सिद्धान्त, स्थापित मूल्य मान्यता तथा प्रतलिन कानून बमोजिम समितिको उद्देश्य प्राप्तिका कार्यहरु गर्ने/गराउने ।

ज. सहकारी संस्था बीच पारस्परिक सहयोगका कार्यहरु गर्ने/गराउने ।

झ. सहकारी बीच साख सूचना सम्बन्धी कार्य गर्ने/गराउने ।

ञ. अन्तर सहकारी कारोवारको लागी आवश्यक सहयोग गर्ने/गराउने ।

ट. नगर क्षेत्र भित्र संचालनमा रहेका नगरपालिकाको नियमनमा रहेका सबै सहकारी संस्थाहरु, नगरपालिका भित्र मुख्य कार्यालय रही प्रदेश वा संघीय सरकारको नियमनमा रहेका संस्थाहरु तथा सेवा केन्द्र मार्फत सेवा संचालन गरेका संस्थाहरुलाई सञ्जालमा आवद्ध गराई दफा ४ मा उल्लेखित उद्देश्य हासिल गर्न परिचालन गर्ने/गराउने ।

ठ. सहकारीका सदस्यहरुको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुर्याउने खालका सेवामुलक कार्यक्रमहरु संचालन गरी सहकारिताको महत्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने।

ड. नियामक निकायले समय समयमा तोके बमोजिमका कार्यहरु गर्ने/गराउने ।

२. माथि उल्लेखित कार्यहरु गर्न प्रचलित कानुन बमोजिम कुनै निकायबाट ईजाजत वा स्वीकृति लिनु पर्ने भएमा सो ईजाजत वा स्वीकृति लिई नियामक निकायलाई जानकारी गराएर मात्र त्यस्ता कार्यहरु संचालन गर्नु पर्नेछ ।

६. कार्यक्षेत्रः सहकारी सञ्जालको कार्यक्षेत्र सिद्धार्थनगर नगरपालिका भित्र रहनेछ । नगर क्षेत्र भित्र सेवा संचालन गरिरहेका वा सेवा संचालन गर्ने सबै प्रकारका प्रारम्भिक सहकारी संस्था यसको सदस्य रहनेछन् ।

७. सहकारी सञ्जालले आफ्नो कार्य सञ्चालनको लागि कार्यालय स्थापना गर्न सक्नेछ । कार्यालय स्थापना नहुन्जेल सम्म सञ्जालको नेतृत्व गर्ने पदाधिकारीहरुको संस्थालाई सञ्जालको सम्पर्क कार्यालयको रुपमा प्रयोग गर्न सकिनेछ ।

# परिच्छेद ३

## सञ्जालको सदस्यता, गठन तथा काम कर्तव्य र अधिकार

८. सदस्यता - सञ्जालमा देहाय बमोजिमका प्रारम्भिक सहकारी संस्था सदस्य रहन सक्नेछन् ।

१. नगरपालिकाको नियमनमा रहेका सबै सहकारी संस्थाहरु प्रदेश सरकारको नियमनमा रही सिद्धार्थनगर नगरपालिकामा मुख्य कार्यालय रहने गरी दर्ता भएका सबै सहकारी संस्थाहरु ।

२. शाखा वा सेवा केन्द्र मार्फत सेवा संचालन गरिरहेका वा गर्ने सबै संस्थाहरु ।
साथै, प्रदेश वा संघीय सरकारको नियमनमा रही सिद्धार्थनगर नगरपालिकामा सेवा सञ्चालनको लागी मुख्य कार्यालय, शाखा, सदस्य सेवा केन्द्र वा अन्य तरिकाबाट वित्तीय कारोवार संचालन गर्न चाहने सबै सहकारी संस्थाले सञ्जालमा सोको ईजाजत सहित सेवा संचालनको जानकारी अनिवार्य गराउनु पर्नेछ ।

३. सहकारी सञ्जालमा सदस्यता र सदस्यता खारेजी/निष्काशन सम्बन्धी व्यवस्था सञ्जालको विनियममा तोकिए बमोजिम हुनेछ ।

९. सञ्जालको गठनः

१. नगरपालिका भित्र संचालनमा रहेका सबै प्रारम्भिक सहकारी संस्थाहरुको अध्यक्ष वा तोकिए बमोजिमको प्रतिनिधि मध्येबाट विषयगत रुपमा प्रतिनिधित्व हुनेगरी ९ सदस्यीय कार्य समिति गठन गरिनेछ । जसमा अध्यक्ष, सचिव र कोषाध्यक्ष नगरपालिकाको नियमनमा रहेका संस्थाहरुबाट मात्र चयन गरिनेछ भने अन्य पदहरु नगर भित्र मुख्य कार्यालय भएका विषयगत सहकारीको अध्यक्ष वा तोकिए बमोजिमको प्रतिनिधि मध्येबाट सबै विषय क्षेत्रको प्रतिनिधित्व हुने गरी चयन गरिनेछ ।

२. सञ्जालमा प्रतिनिधित्व गर्दा सम्भव भएसम्म संस्थाको अध्यक्षले प्रतिनिधित्व गर्नु पर्नेछ । यदि अध्यक्षले प्रतिनिधित्व गर्न सम्भव नभएमा संचालक समितिको निर्णयबाट संचालक समिति वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु मध्येबाट प्रतिनिधित्व हुने गरी लिखित रुपमा प्रतिनिधित्व गर्न बाधाँ पुगेको मानिनेछैन सहकारी सञ्जालको कार्यसमितिको गठन देहाय बमोजिम गरिनेछ ।

| | |
|---|---|
| १. अध्यक्ष | - १ जना |
| २. उपाध्यक्ष | - १ जना |
| ३. सचिव | - १ जना |
| ४. सहसचिव | - १ जना |
| ५. कोषाध्यक्ष | -१ जना |
| ६. सदस्यहरु | -४ जना |

**३. <u>संचालकहरुको पदावधिः</u>**

१. संचालकहरुको पदावधि निर्वाचन सम्पन्न भएको मितिले २ वर्षको हुनेछ । संचालकहरु पुनः दोस्रो पटकको लागि निर्वाचित हुन सक्नेछन् ।तर अध्यक्ष पदमा एक कार्यकाल भन्दा बढी उम्मेद्वारी दिन पाईनेछैन । कार्यसमिति र लेखा अनुशासन समितिमा उम्मेद्वारी दिँदा सम्भव भए सम्म पहिलो कार्यकालमा प्रतिनिधित्व नभएका संस्थाहरुबाट निर्वाचित हुने व्यवस्था मिलाउनु पर्नेछ । यदि कुनै सदस्य आफूले प्रतिनिधित्व गरेको संस्थाको पदमा नरहेमा उक्त पद स्वतः रिक्त भएको मानि आगामी साधारण सभाबाट निर्वाचनको प्रकृयाद्वारा पूर्ति गरिनेछ ।

२. नयाँ कार्यसमितिको निर्वाचन नभए सम्म साविककै समितिले सञ्जालको कार्य संचालन गर्नेछ तर सो समितिले पदावधि सकिएको ३५ दिन भित्र निर्वाचन सम्पन्न गरी नयाँ समितिलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्नेछ ।

४. **कार्यसमितिको पद अवैतनिक हुने-** सहकारी सञ्जालको कार्यसमिति र लेखा तथा अनुशासन समितिको पद अवैतनिक हुनेछ ।सहकारी सञ्जालको गठन सहकारिता प्रवर्द्धन तथा सामाजिक सेवाको ध्येयले गरिने भएकोले नियमित पारिश्रमिक पाउने गरी कुनै निर्णय गर्न पाईने छैन ।
तर, संजालको बैठक बस्दा नियमानुसारको बैठक भत्ता लिन यसले बाँधा पुगेको मानिनेछैन् ।

**५. समितिको बैठक-**

१. सञ्जालको कार्य संचालनको लागि समितिको बैठक नियमित रुपमा बस्नेछ । सञ्जालको दुई बैठक बीच ४५ दिन भन्दा बढीको अन्तर हुनेछैन । अध्यक्ष स्वयम्ले वा अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सचिव वा सहसचिवले समितिको बैठक बोलाउनेछ ।

२. सञ्जालको बैठक सदस्य संस्थाहरुमा घुम्ति बैठकको रुपमा क्रमिक रुपमा नदोहोरिने गरी संचालन गर्न सकिनेछ । यसरी डाकिने बैठकको व्यवस्थापन सम्बन्धित संस्थाले मितव्ययी रुपमा गर्नुपर्नेछ ।

३. अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । र उपाध्यक्ष पनि नरहेको अवस्थामा पदाधिकारीको वरिष्ठता अनुसार अध्यक्षता गर्नुपर्नेछ ।

४. समितिका ५१ प्रतिशत संचालकहरु बैठकमा उपस्थित भए बैठक संचालनको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५. बैठक सम्बन्धी अन्य व्यवस्था सञ्जालको विनियम तथा कार्यसमितिले तोके बमोजिम हुनेछ ।

१०. **कार्य समितिको काम कर्तव्य र अधिकार :**

१. सदस्य संस्थाहरुको हितलाई ध्यानमा राखी कार्य समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछः

क. दफा ४ बमोजिमको उद्देश्य हासिल गर्नको लागि आवश्यक कार्यहरु गर्ने गराउने

ख. सहकारी संस्थाहरुको हितलाई ध्यानमा राखी नियामक निकाय संग आवश्यक समन्वय तथा सहकार्य गर्ने

ग. निर्धारित प्रकृयाका आधारमा कार्यक्षेत्र भित्र संचालनमा रहेका सबै संस्थाहरुलाई सञ्जालमा आवद्ध गराई सदस्यता प्रदान गर्ने वा खारेज गर्ने ।

घ. प्रारम्भिक संस्था संचालन सम्बन्धमा आवश्यक परामर्श सेवा प्रदान गर्ने ।

ङ. संस्थाको कार्यक्रम र वार्षिक वजेट साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने ।

च. नगर भित्रका सबै प्रकृतिका संस्थाहरुको विवरण सालबसाली अध्यावधिक गरी कार्यालयमा आर्थिक वर्ष समाप्त भएको ३० दिन भित्र पेश गर्ने ।

छ. प्रारम्भिक संस्थाको विनियममा व्यवस्था भए बमोजिमका कोषहरुको प्रभावकारी रुपमा संचालन गर्ने/गराउने ।

ज. सञ्जालको विनियममा तोकिए बमोजिमका कार्यहरु संचालन गर्ने/गराउने ।

झ. नगरपालिकाले समय समयमा तोकिदिएका कार्यहरु संचालन गर्ने/गराउने ।

११. **लेखा तथा अनुशासन समितिको गठनः** (१) सञ्जालको कार्यसमितिले गरेका काम कारवाहीहरुको सुपरिवेक्षण गर्न, आन्तरिक लेखा परिक्षण सम्बन्धी कार्य गर्न तथा प्रारम्भिक संस्थामा मर्यादा र अनुशासन कायम गराउन एवम् प्रारम्भिक संस्थाका पदाधिकारीहरुले पदीय जिम्मेवारी बहन नगरेको, अख्तियार/अधिकारको दुरुपयोग गरेको, आर्थिक हिनामिना गरेको वा आचरण विपरितको कार्य गरेको अवस्थामा नियामक निकाय वा अख्तियारवाला निकायमा कारवाहीको सिफारिस गर्न सञ्जालमा ३ सदस्यीय लेखा तथा अनुशासन समिति गठन गरिनेछ । जसमा १ जना संयोजक र बाँकी २ जना सदस्यहरु रहनेछन् । लेखा तथा अनुशासन समितिको पदावधि २ वर्षको हुनेछ । निजहरु पुनः दोस्रो पटक निर्वाचित हुन सक्ने छैनन् ।

१२. **लेखा तथा अनुशासन समितिको बैठक**- (१) लेखा तथा अनुशासन समितिको बैठक आवश्यक्ता अनुसार कम्तिमा त्रैमासिक अवधिमा १ पटक बस्नेछ ।

(२) लेखा तथा अनुशासन समितिले एउटा बैठक देखि अर्को बैठक अवधि भित्र गरेका काम कारवाहीको समीक्षा गर्नुको साथै कारवाहीको सिफारिस तथा सोको प्रगति विवरण तयार गरी कार्यसमिति मार्फत नियामक निकाय समक्ष पेश गर्नु पर्नेछ ।

१३. **<u>लेखा तथा अनुशासन समितिको काम कर्तव्य र अधिकार-</u>** (१) लेखा तथा अनुशासन समितिको काम, कर्तव्य र अधिकार प्रारम्भिक सहकारीको लेखा सुपरिवेक्षण समिति सरह हुनेछ साथै यसले सदस्य संस्थाका पदाधिकारीहरुले पदीय जिम्मेवारी पालना गरेनगरेको, अख्तियारको दुरुपयोग, रकम हिनामिना तथा जालसाजी जस्ता विषयमा प्रारम्भिक छानविन गरी नियामक निकाय वा अख्तियारवाला निकायमा कारवाहीको लागि सिफारिस गर्न सक्नेछ ।

(२) लेखा तथा अनुशासन समितिको अन्य कार्यहरु दर्ता गर्ने अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

१४. **<u>सञ्जालको कोष-</u>** १) सहकारी सञ्जालको एउटा छुट्टै कोष हुनेछ जसमा देहाय बमोजिमका रकमहरु रहनेछन्

(क) सदस्यता वापत संस्थाहरुबाट प्राप्त हुने रकम

(ख) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ग) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(घ) स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ङ) सहकारी प्रवर्द्धन कोषमा प्रत्येक वर्ष सहकारी संस्थाहरुबाट जम्मा भएको रकमको १० प्रतिशतका दरले नगरपालिकाबाट सालबसाली प्राप्त हुने रकम

(च) गैरसरकारी संघ/संस्थाबाट प्राप्त अनुदान रकम,

(छ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायता रकम

(ज) सामुदायिक विकास कोषमा संचित रकम मध्ये कम्तिमा १० प्रतिशतका दरले सञ्जालमा आवद्ध सबै सहकारी संस्थाले छुट्याएको रकम

(झ) व्यावसायिक कार्यबाट आर्जित रकम,

(ञ) सम्पति बिक्रीबाट प्राप्त हुने रकम,

(ट) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

(ठ) माथि उल्लेखित बुँदा (ङ) बमोजिमको रकम सहकारी संस्थाको वार्षिक लेखा परीक्षण पश्चात कोषमा वितरण भएको रकम मध्ये सहकारी प्रवर्द्धन कोषलाई छुट्याईएको रकम वार्षिक साधारण सभा पश्चात १५ दिन भित्र नगरपालिकाले तोकेको खातामा जम्मा गर्नु पर्नेछ । यसरी खातामा जम्मा भएको रकमको १० प्रतिशतले हुन आउने रकम माघ मसान्त भित्र नगरपालिकाले सञ्जालको खातामा उपलब्ध गराउनेछ ।

(ड) माथि उल्लेखित बुँदा (ज) बमोजिमको रकम सबै सहकारी संस्थाले निर्णय गरी माघ मसान्त भित्र अनिवार्य सञ्जालको खातामा उपलब्ध गराउनु पर्नेछ ।सामुदायिक विकास कोषबाट योगदान हुने यस्तो रकम सामुदायिक विकास कोषमा वितरण हुने रकमको १० प्रतिशत वा रु. १०,०००/- भन्दा कम हुने छैन ।

## परिच्छेद ४

## साधारण सभा सम्बन्धी व्यवस्था

### १५. साधारण सभाः

१. नगर क्षेत्र भित्र सञ्जालमा रहेका तथा सञ्जालमा आवद्ध भएका सम्पूर्ण सदस्य संस्थाहरु भएको एउटा साधारण सभा हुनेछ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा ६ महिना भित्र कार्यसमितिले साधारण सभा बोलाउनेछ ।

२. सामान्यतया प्रारम्भिक सहकारी संस्थाहरुले आर्थिक वर्ष सकिएको ३ महिना भित्र साधारण सभा सम्पन्न गर्नु पर्नेछ र सबै सहकारी संस्थाहरुको साधारण सभा सम्पन्न भएपश्चात सञ्जालले आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्रै वार्षिक साधारण सभा सञ्चालन गर्नु पर्नेछ ।

३. उपदफा १ बमोजिम वार्षिक साधारणसभा नबोलाइएको अवस्थामा समितिका बहुमत सदस्यले त्यस्तो सभा बोलाउन नियामक कार्यालयमा निवेदन दिएमा वा नदिएमा पनि उपदफा १ मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिन भित्र दर्ता गर्ने अधिकारी वा निजको अधिकार प्राप्त अधिकारीले त्यस्तो सभा बोलाउन सक्नेछ । यसरी बोलाएको सभा संचालनको सम्पुर्ण दायित्व सञ्जालको हुनेछ ।

४. उपदफा १ र उपदफा २ बमोजिम वार्षिक साधारण सभा बोलाउदा सभा हुने स्थान समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तीमा १५ (पन्ध्र) दिन अगावै सदस्यहरुलाई सार्वजनिक रुपमा सुचना दिनुपर्ने कर्तव्य कार्य समितिले निर्वाह गर्नेछ । यस्तो सुचना पत्रिका मार्फत पनि प्रकाशित गर्न सकिनेछ । सुचनाको प्रभावकारिताका लागि संचारका विद्युतीय माध्यम समेत प्रयोग गर्न सकिनेछ ।

५. वार्षिक साधारण सभाको गणपुरक संख्या त्यस्तो सभाको कूल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ । सोही संख्यामा सदस्यहरु उपस्थित भएमा सभाको काम कारवाही शुरु हुनेछ ।

६. पहिलो पटक गणपुरक संख्या नपूगी दोस्रो पटक सभा बोलाउनु परेको अवस्थामा सदस्यहरुलाई कम्तिमा ७ दिनको अर्को सुचना दिनु पर्नेछ ।त्यसरी बोलाइएको सभाको गणपुरक संख्या कूल सदस्य संख्याको २५ प्रतिशतलाई मानिनेछ ।

७. वार्षिक साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा पदको मर्यादाक्रम अनुसार अध्यक्षता गरिनेछ र यदि पदाधिकारी उपस्थित हुन नसकेमा सदस्य मध्ये जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

८. वार्षिक साधारणसभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा सभाको अध्यक्षता गर्नेले पेश गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ ।

९. मत बराबर भएमा सभाको अध्यक्षले निर्णायक मत दिनु पर्नेछ।

## परिच्छेद ५

## निर्वाचन सम्बन्धी व्यवस्था

१६.**कार्य समिति र लेखा तथा अनुशासन समितिको निर्वाचन**ः १. संस्थाको विनियमको अधीनमा रही कार्यसमिति र लेखा तथा अनुशासन समितिको निर्वाचन गर्न नगरपालिकाको सहकारी शाखा हर्ने अधिकृतले निर्वाचन अधिकृतको काम गर्नेछ । निर्वाचन सम्बन्धी अन्य व्यवस्था दर्ता गर्ने अधिकारीले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद- ९

## विविध

१७.व्याख्या गर्ने अधिकारः यस कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यालयमा रहनेछ । कार्यालयबाट समेत समेत सुल्झिन नसकेमा कार्यपालिकाको बैठकको निर्णय मान्य हुनेछ ।

१८.अमान्य हुनेः  यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्थाहरु प्रचलित ऐन, नियम सिद्धान्तहरुसंग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञालेः**

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत